# नेपाल नागरिक उड्डयन प्राधिकरण
# प्रधान कार्यालयको
## करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना

प्रकाशन मिति : २०८१/०६/०७

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा स्थायी पदपूर्ति भएमा स्वतः हट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.११ बमोजिम बढीमा एक वर्षका लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित मितिले १० (दश) दिनभित्र प्राधिकरणको website: www.caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **माग गरिएको पदको विवरण : वि.नं. ००१/०८१/८२ करार सेवाः** प्राविधिक, समूहः ए.ट्रा.स., तह : सातौं, पद : बरिष्ठ अधिकृत

२. **माग पद संख्या :** २० (बीस)

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा सूचना प्रविधि (आई.टी.) वा व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेस तालीम प्राप्त ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०८१/०६/१६ गते कार्यालय समय भित्र ।

५. **परीक्षाको किसिम :** लिखित परीक्षा र अन्तर्वार्ता ।

६. **लिखित परीक्षाको मिति :** २०८१ असोज २० गते विहान ८:०० बजे

७. **परीक्षा केन्द्र :** प्रधान कार्यालय, बबरमहल । लिखित परीक्षामा उत्तिर्ण हुने उम्मेदवारहरुको अन्तर्वार्ता मिति २०८१ असोज २१ गते विहान ८:०० बजे प्राधिकरण प्रधान कार्यालय, बबरमहल ।

८. **दरखास्त दस्तुर :** रु.१२००।- (बाह्र सय) ।

९. **अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः** प्राधिकरणको Website मा रहेको Online Job Application प्रणालीमा आफूले चाहेको विज्ञापन छनोट गरी Apply Now Click गर्ने र सो पश्चात् User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ । रीत नपुगी पेश भएका दरखास्त फाराम जुनसुकै बेला रद्द गर्न सकिनेछ ।

१०. **उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

११. **काम गर्नुपर्ने स्थान :** प्राधिकरण अन्तर्गतका कार्यालयहरु ।

१२. **तलव सुविधा :** प्राधिकरणको नियमानुसार हुनेछ ।

१३. दरखास्त फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), आफुले प्राप्त गरेको एयर ट्राफिक सर्भिसेस सम्बन्धी आधारभूत तालीमका प्रमाणित प्रतिलिपिहरुका साथै, सम्बन्धित पदको दर्खास्त दस्तुर बुझाएको नगदी रसिद समेत संलग्न गर्नुपर्नेछ ।

१४. विदेशी बोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

१५. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको फोन नं. ०१-५३६२५१८ (Ext. ३०७) मा बुझ्न सकिनेछ ।